# नेपाल राष्ट्र बैंक

## प्रेस समाचार

### नेपाल राष्ट्र बैंकद्वारा 30th SEANZA Events आयोजना




नेपाल राष्ट्र बैंकको आयोजनामा South East Asia, New Zealand and Australia (SEANZA) Forum of Banking Supervisors ले यही भाद्र ५ गतेदेखि ९ गतेसम्म (२१-२५ अगस्त, २०१६) काठमाडौंमा केन्द्रीय बैंकिङ्ग तालिम शुरु गरेको छ । कुल २० वटा मुलुक सदस्य रहेको उक्त Forum of Banking Supervisors बाट १३ मुलुकका २१ जना केन्द्रीय बैंकका अधिकृतहरु तालिममा सहभागी रहेका छन् । उक्त तालिम कार्यक्रममा विदेशी प्रतिष्ठित संस्थाहरुबाट श्रोत व्यक्तिहरु आमन्त्रित गरिएको छ भने बेलायतको University of Birmingham का प्राध्यापक Dr. David Dickinson, Course Director को रूपमा रहनु भएको छ ।

यस तालिमको प्रमुख उद्देश्य सदस्य केन्द्रीय बैंकका कर्मचारीहरुको सुपरिवेक्षकीय दक्षता र ज्ञान अभिवृद्धि गरी समग्र केन्द्रीय बैकिङ्ग क्षमता बढाउनुका साथै यस किसिमको कार्यक्रमबाट सदस्य राष्ट्रका सहभागीहरुबीच विचारको आदान प्रदान हुने बैकले विश्वास गरेको छ । तालिम कार्यक्रम पश्चात् भाद्र १० गते (२६ अगष्ट २०१६) SEANZA Forum of Banking Supervisors को Governors' Symposium काठमाडौंमा हुनेछ ।

**२०७३ भाद्र ५, आइतबार**

**गभर्नरको कार्यालय**